# साझा प्रकाशनको विनियम

## २०७७

सहकारी विभागबाट स्वीकृत मिति : २०७७।११।२५



**साझा प्रकाशन**
केन्द्रीय कार्यालय
पुलचोक, ललितपुर
५५२१११८
prakasan.sajha@gmail.com



साझा प्रकाशन

# साझा प्रकाशनको विनियम, २०७७

## साझा प्रकाशन सहकारी संस्था लि. को सम्बन्धमा व्यवस्था गर्न बनेको विनियम

## प्रस्तावना

सहकारी सिद्धान्तअनुसार आफ्ना सेयर सदस्यहरूको आर्थिक, सामाजिक तथा बौद्धिक विकासमा सघाउ पुऱ्याउनुका साथै नेपाली भाषा, साहित्य एवं संस्कृतिको विकास र शैक्षिक सामग्रीहरूको उत्पादन एवं बिक्रीवितरण गर्ने व्यवस्था गर्न वाञ्छनीय भएकाले गोर्खा भाषा प्रकाशिनी समिति हुँदै नेपाली भाषा प्रकाशिनी समितिको उत्तराधिकारीका रूपमा सहकारी ऐन, २०७४ को दफा २७ ले दिएको अधिकार प्रयोग गरी यस साझा प्रकाशन सहकारी संस्था लि. को मिति २०७७।०९।२५ मा बसेको साधारण सभाको निर्णयले देहायको विनियम बनाएको छ ।

## परिच्छेद १

## प्रारम्भिक

### १. संक्षिप्त नाम र प्रारम्भ

१. यस विनियमको नाम 'साझा प्रकाशनको विनियम, २०७७' रहेको छ ।

२. यो विनियम रजिस्ट्रारद्वारा स्वीकृत भएपछि तुरुन्त प्रारम्भ हुनेछ ।

### २. नाम र ठेगाना

१. यस संस्थाको नाम 'साझा प्रकाशन सहकारी संस्था लि.' रहेको छ र छोटकरीमा यसलाई 'साझा प्रकाशन' भनिनेछ ।

२. यस संस्थाको ठेगाना केन्द्रीय कार्यालय पुलचोक, ललितपुर, नेपाल रहनेछ । तोकिएको ठेगानामा कुनै कारणवश परिवर्तन हुन गएमा सोको जानकारी ७ दिनभित्र सहकारी विभागको रजिस्ट्रारलाई दिइनेछ ।

### ३. कार्यक्षेत्र

यस संस्थाको कार्यक्षेत्र नेपालभर हुनेछ । साथै देशको प्रचलित ऐन, नियमको परिधिभित्र रही आवश्यकताअनुसार नेपालबाहिर पनि शाखा खोली सेवा विस्तार गर्न सकिनेछ ।

### ४. परिभाषा

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विनियममा–

(क) 'संस्था' भन्नाले साझा प्रकाशन सहकारी संस्था लि. सम्झनुपर्दछ ।



(ख) 'सदस्य' भन्नाले यस विनियमबमोजिम संस्थाको सेयर खरिद गरी सदस्यता प्राप्त गर्ने व्यक्ति, संस्था वा निकायलाई सम्झनुपर्दछ ।

(ग) 'बोर्ड' भन्नाले राष्ट्रिय सहकारी विकास बोर्ड सम्झनुपर्दछ ।

(घ) 'सेयर' भन्नाले संस्थाको सेयर पुँजीको विभाजित अंशलाई जनाउँदछ ।

(ङ) 'सेयर प्रमाणपत्र' भन्नाले सेयर किन्ने व्यक्ति, संस्था वा निकायलाई संस्थाबाट दिइएको निस्सालाई सम्झनुपर्दछ ।

(च) 'समिति' भन्नाले यस विनियमबमोजिम गठन भएको संस्थाको सञ्चालक समिति सम्झनुपर्दछ ।

(छ) 'अध्यक्ष' भन्नाले सञ्चालक समितिको अध्यक्षलाई जनाउँदछ ।

(ज) 'सञ्चालक' भन्नाले सञ्चालक समितिको सदस्यलाई जनाउँदछ ।

(झ) 'महाप्रबन्धक' भन्नाले यस विनियमबमोजिम नियुक्त व्यवस्थापन प्रमुखलाई जनाउँदछ ।

(ञ) 'ऐन' भन्नाले सहकारी ऐन, २०७४ सम्झनुपर्दछ ।

(ट) 'नियम' भन्नाले सहकारी नियमावली, २०७५ सम्झनुपर्दछ ।

(ठ) 'विनियम' भन्नाले यस साझा प्रकाशन सहकारी संस्था लि. को विनियम, २०७७ सम्झनुपर्दछ ।

(ड) 'उपसमिति' भन्नाले संस्थाद्वारा यस विनियमबमोजिम कुनै निश्चित कार्य तथा अवधि तोकी गठन गरेको उपसमितिलाई सम्झनुपर्दछ ।

(ढ) 'रजिस्ट्रार' भन्नाले सहकारी विभागको रजिस्ट्रार वा निजबाट अधिकारप्राप्त अधिकारीलाई जनाउँदछ ।

(ण) 'साधारण सभा' भन्नाले संस्थाको वार्षिक साधारण सभा र विशेष साधारण सभासमेत सम्झनुपर्दछ ।

## परिच्छेद २

### ५. उद्देश्य

यस संस्थाका प्रमुख उद्देश्यहरू देहायबमोजिम हुनेछन्–

क) सदस्यहरूको आर्थिक, सामाजिक तथा बौद्धिक विकासमा सघाउ पुऱ्याउने ।

ख) नेपाली वाङ्मयको प्रकाशन र विकास गर्ने ।

ग) स्तरीय, उपयोगी पाठ्यपुस्तक एवं सन्दर्भसामग्री प्रकाशन तथा शैक्षिक सामग्री उत्पादन र वितरण गरी शिक्षाको विकासमा सघाउ पुऱ्याउने ।

घ) निजी प्रकाशन एवं संस्थागत प्रकाशनहरूबीच समन्वय तथा सामञ्जस्य कायम गरी शैक्षिक, साहित्यिक एवं सांस्कृतिक सामग्रीहरूको माध्यमबाट राष्ट्रिय स्तरको सेवा प्रदान गर्ने ।

ङ) लेखक, कलाकार, पत्रकार तथा पाठकहरूबीच परस्पर सौहार्द भावना अभिवृद्धि गरी पठन संस्कृतिको विकासमा सहयोग पुऱ्याउने ।

च) साहित्यिक पत्रकारिताको समुन्नतिमा सहयोग गर्ने ।

छ) समावेशी भाषिक विकासका लागि विभिन्न भाषाको इतिहास, साहित्य, व्याकरण, कोश एवं पुस्तक-पुस्तिका प्रकाशन गर्ने ।

ज) विविध भाषाका पुस्तकहरू नेपालीमा र नेपाली भाषाका पुस्तकहरु अन्य भाषामा भाषान्तरण (अनुवाद) गरी भौतिक र डिजिटल दुवै रूपमा प्रकाशन तथा बिक्रीवितरण गर्ने ।

झ) सरकारी, गैरसरकारी, निजी क्षेत्र एवं व्यक्तिगत कागजात, अभिलेख, फारम, पुस्तक, पुस्तिका, पोस्टर, नक्सा आदि सम्पूर्ण छपाइ सामग्री मुद्रण, उत्पादन, बिक्रीवितरण एवं ढुवानी गर्ने ।

ञ) नेपाल सरकारको प्रचलित कानुनको अधीनमा रही व्यवसाय विविधीकरण गरी सेयर सदस्य तथा सर्वसाधारणलाई सुलभ सेवा उपलब्ध गराउने ।

## ६. कार्य

यस संस्थाको कार्य देहायबमोजिम हुनेछ–

(क) पुस्तक प्रकाशनका साथै राष्ट्रिय थोकवितरकको रूपमा काम गर्ने ।

(ख) लेखनकार्यलाई प्रोत्साहन गर्न पुरस्कार तथा सम्मान प्रदान गर्ने ।

(ग) आफ्ना सदस्य तथा सर्वसाधारणका लागि पाठ्यसामग्रीहरू सुपथ मूल्यमा सुलभ तरिकाबाट बिक्रीवितरण गर्ने ।

(घ) पुस्तक प्रवर्द्धनका लागि पुस्तकालय स्थापना गरी अध्ययन, अनुसन्धान तथा प्रदर्शनी गर्दै पढ्ने बानीको विकास गर्ने ।

(ङ) प्रकाशनको क्षेत्रमा सहकारीको माध्यमबाट लेखक, कलाकार एवं पाठकको हकहितको संरक्षण गर्ने ।

(च) राष्ट्रिय पुस्तक प्रकाशन प्रतिष्ठान स्थापना गर्ने-गराउने ।

(छ) बुक बैङ्कको स्थापना गर्ने, गराउने र राष्ट्रिय पुस्तक प्रवर्द्धन समितिको कार्य गर्ने, गराउने ।

(ज) प्रचलित ऐन, नियमको अधीनमा रही व्यापार-व्यवसाय विविधीकरण लगायत आवश्यक अन्य कार्यहरू सञ्चालन गर्ने ।

## ७. सङ्गठित संस्था

१. यो संस्था अविच्छिन्न उत्तराधिकारप्राप्त स्वशासित र सङ्गठित संस्था हुनेछ ।

२. संस्थाको सबै कामका निमित्त अनुसूची–१ बमोजिमको ढाँचामा आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

३. संस्थाले चल-अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न र कुनै प्रकारले बन्दोबस्त गर्न सक्नेछ ।

४. संस्थाले आफ्नो नामबाट नालिस, उजुर गर्न र सोउपर पनि सोही नामबाट नालिस, उजुर लाग्न सक्नेछ ।



# परिच्छेद ३
## सदस्यता

## ८. सदस्यता

देहायका व्यक्ति वा संस्थाहरू यस संस्थाको विनियमबमोजिम सदस्य हुन सक्नेछन्–

(क) यस संस्थाका संस्थापक सदस्यहरू,

(ख) संस्था स्थापना भएपछि योग्यता पुगी सदस्यता प्राप्त गरेका व्यक्तिहरू,

(ग) सहकारी सङ्घ/संस्थाहरू,

(घ) नेपाल सरकार, राष्ट्रिय सहकारी विकास बोर्ड, राष्ट्रिय सहकारी महासङ्घ तथा नेपाल सरकारको स्वामित्व भएका निकायहरू,

तर, यसरी सदस्य बन्दा सहकारी ऐन २०७४ को दफा ३० लाई पालना गर्नु/गराउनुपर्ने छ ।

## ९. सदस्यताको लागि योग्यता

१. संस्थाको सदस्य हुनका लागि देहायको योग्यता पुगेको हुनुपर्नेछ–

(क) नेपाली नागरिक,

(ख) १६ वर्ष उमेर पूरा भएको,

(ग) मगज नबिग्रेको,

(घ) नैतिक पतन हुने फौजदारी अभियोगमा अदालतबाट दोषी प्रमाणित नभएको,

(ङ) संस्थाको कार्यक्षेत्रभित्र बसोबास गरेको,

(च) प्रचलित ऐनले योग्य ठहरिएको,

(छ) दामासाहीमा नपरेको,

(ज) विनियमको पालन गर्न मन्जुर भएको ।

(झ) संस्थाको कारोबारसँग प्रतिस्पर्धा हुने कारोबार नभएको ।

२. संस्थाको सदस्यता लिन निर्धारित प्रवेशशुल्क र संस्थाले तोकेको न्यूनतम सेयरको रकम संलग्न गरी सञ्चालक समितिसमक्ष निवेदन दिनुपर्दछ । त्यस्तो निवेदन पर्न आएपछि समितिले संस्थाको सदस्यता दिने वा नदिने निर्णय गर्नेछ । समितिले सदस्यता नदिने निर्णय गरेमा त्यसपछि बस्ने साधारण सभासमक्ष पुनरावेदन दिन सकिनेछ र यस सम्बन्धमा साधारण सभाको निर्णय अन्तिम हुनेछ ।

तर, राजीनामा दिई संस्थाको सदस्यता समाप्त भएको सदस्यले पुनः सदस्यता प्राप्त गर्न चाहेमा संस्थाको सदस्यता समाप्त भएको मितिले एक वर्षपछि मात्र सदस्यताका लागि निवेदन दिन सक्नेछ ।

## १०. प्रवेशशुल्क

संस्थाको सदस्यता लिनको लागि प्रवेशशुल्क रु. ५००।– (रुपियाँ पाँच सय) बुझाउनुपर्नेछ, यो रकम फिर्ता हुनेछैन ।

## ११. सदस्यताको अन्त्य

देहायको अवस्थामा संस्थाको सदस्यता अन्त्य भएको मानिनेछ–

(क) तोकिएको अवधिभित्र आफूले लिन मन्जुर गरेको सेयरको पूरा रकम चुक्ता नगरेमा,

(ख) मृत्यु भएमा,

(ग) राजीनामा स्वीकृत भएमा,

(घ) सम्पूर्ण सेयर हस्तान्तरण गरेमा वा फिर्ता लिएमा,

(ङ) यसै विनियमको विनियम १३ बमोजिम सदस्यताबाट निष्कासन भएमा,

(च) विनियम ९ बमोजिमको योग्यता नभएमा वा नरहेमा ।

## १२. सदस्यताबाट राजीनामा

१. कुनै सदस्यले स्वेच्छाले सदस्यता छाड्न चाहेमा समितिसमक्ष राजीनामा पेस गर्न सक्नेछ । यसरी राजीनामा दिंदा आर्थिक वर्षको नवौं महिनाभित्र समितिमा प्राप्त हुने गरी पेस गर्नुपर्नेछ । यस्तो राजीनामा चालू आर्थिक वर्षको अन्तिम दिनको भोलिपल्टदेखि लागू हुने गरी स्वीकृत गर्न सकिनेछ ।

तर सदस्यता छाड्न चाहने सदस्यले संस्थाबाट लिएको ऋण तिर्न बाँकी भएमा वा त्यस्तो कुनै सदस्यको जमानत बसेको भए ऋण चुक्ता नभई राजीनामा स्वीकृत हुने छैन ।

२. संस्थाको कुल सेयर पुँजीको १५ प्रतिशतभन्दा बढी मूल्यको सेयर खरिद गर्ने सदस्यले सदस्यता छाड्न चाहेमा राजीनामा दिने मितिले कम्तीमा १२ महिनाअगावै लिखित सूचना दिनुपर्नेछ ।

## १३. सदस्यताबाट निष्कासन

समितिको विस्तृत छानबिनपछि पनि कुनै सदस्यले निम्न कामकारबाही गरेको पाइएमा त्यस्तो सदस्यलाई समितिको कुल सदस्य सङ्ख्याको बहुमतले निष्कासन गर्न सक्नेछ–

(क) संस्थाको उद्देश्यविपरीत हुने गरी जानाजानी कुनै कार्य गरेमा, वा

(ख) संस्थाको आर्थिक अवस्था कमजोर हुने काम गरेमा, वा

(ग) संस्थाको रकम हिनामिना गरेमा, वा

(घ) संस्थाको हितविरुद्ध कुनै कार्य गरेको ठहरेमा, वा

(ङ) यस विनियममा भएका व्यवस्था र विनियमको उद्देश्यविरुद्ध कार्य गरेमा, वा



(च) वार्षिक साधारण सभामा बिनासूचना लगातार तीन पटकसम्म अनुपस्थित भएमा, वा

(छ) यस विनियममा जुनसुकै कुरा लेखिएको भए तापनि साधारण सभा बोलाउने निर्णय भइसकेपछि साधारण सभा सम्पन्न नभएसम्म कसैलाई पनि सदस्यबाट हटाउन सकिने छैन ।

तर, निष्कासन गर्नुअघि समितिले सम्बन्धित सदस्यलाई आफूलाई लागेको आरोप सम्बन्धमा स्पष्टीकरण दिन र आरोपको खण्डन गर्न एवं आवश्यक प्रमाण कागजात आदि प्रस्तुत गर्न कम्तीमा ३५ दिनको सूचनासहित मौका दिनुपर्दछ । छानबिनको क्रममा समितिको कुल सदस्य सङ्ख्याको बहुमतको निर्णयले सम्बन्धित सदस्यलाई निलम्बन गरी संस्थाबाट कुनै खास सेवा वा सुविधा उपलब्ध गर्न नपाउने गरी बढीमा एक वर्षका लागि बन्देज लगाउन सक्नेछ । समितिको निर्णयमा चित्त नबुझ्ने सदस्यले आगामी हुने साधारण सभामा पुनरावेदन पेस गर्न सक्नेछ । यस सम्बन्धमा साधारण सभाको बहुमतले गरेको निर्णय अन्तिम हुनेछ ।

# परिच्छेद ४

## १४. कोषको व्यवस्था

१. संस्थाको कोष देहायबमोजिमका स्रोतहरूबाट खडा गरिनेछ–

(क) सेयर बिक्रीबाट प्राप्त रकम,

(ख) प्रवेशशुल्क,

(ग) सदस्यहरूबाट सङ्कलित बचत,

(घ) नेपाल सरकारको स्वीकृति लिई वित्तीय निकायबाट प्राप्त हुने ऋण,

(ङ) सदस्य र अन्य स्रोतबाट प्राप्त हुने ऋण,

(च) कारोबारबाट प्राप्त हुने बचत,

(छ) दानदातव्य,

(ज) नेपाल सरकारबाट प्राप्त अनुदान/ऋण रकम,

(झ) विदेशी सरकार तथा अन्तर्राष्ट्रिय सङ्घ/संस्थाबाट प्राप्त रकम,

(ञ) अन्य विविध स्रोतबाट प्राप्त रकम ।

२. संस्थाले विदेशी सरकार तथा अन्तर्राष्ट्रिय सङ्घ/संस्थाबाट ऋण तथा अनुदान तथा कुनै पनि स्रोतबाट लिइने ऋण रकम प्राप्त गर्नुअघि नेपाल सरकारको पूर्वस्वीकृति लिनुपर्नेछ ।

३. उपविनियम (१) बमोजिम संस्थालाई प्राप्त हुने सबै रकम समितिले तोकेको कुनै बैङ्कमा संस्थाको नाममा खाता खोली जम्मा गरिनेछ ।

४. उपविनियम (१) बमोजिमको कोषको खाताको सञ्चालन समितिले तोकेको व्यक्ति र महाप्रबन्धकको संयुक्त दस्तखतबाट हुनेछ ।

## १५. सेयर पुँजी

१. यस संस्थाको अधिकृत पुँजी आवश्यकताअनुसार समयसमयमा साधारण सभाले तोकेबमोजिम हुनेछ ।

२. प्रतिसेयर मूल्य रु. १००।– (एक सय) हुनेछ ।

३. सेयरबापतको पूरा रकम सदस्यताका लागि दिएको निवेदन स्वीकृत हुनासाथ तिर्नुपर्नेछ ।

४. संस्थाको ६० प्रतिशत सेयर नेपाल सरकार, राष्ट्रिय सहकारी विकास बोर्ड (तत्कालीन साझा केन्द्र) को रहेको छ ।

५. कुनै पनि व्यक्तिले कुल सेयर पुँजीको २० प्रतिशतभन्दा बढी सेयर खरिद गर्न सक्ने छैन तर यो बन्देज नेपाल सरकार र नेपाल सरकारको स्वामित्वमा रहेको संस्था वा निकायलाई लागू हुने छैन ।

## १६. सेयर प्रमाणपत्र

सदस्यहरूले कबुल गरेको सेयरको सम्पूर्ण रकम चुक्ता भएपछि खरिद गरेको सेयरसङ्ख्या र मूल्य उल्लेख गरी संस्थाको छाप लागेको अनुसूची–२ बमोजिमको ढाँचामा सेयर प्रमाणपत्र दिइनेछ । सेयर प्रमाणपत्र हराए वा च्यातिए वा नासिएमा रु. १००।– (एक सय) लिई अर्को प्रमाणपत्र दिइनेछ ।

## १७. सेयर हस्तान्तरण, सेयर रकम फिर्ता

१. कुनै सदस्यले आफूले लिएको पूरै सेयर हस्तान्तरण गर्न चाहेमा संस्थाको सदस्य बन्न योग्यता पुगेका कुनै व्यक्तिलाई हस्तान्तरण गर्न सक्नेछ । तर, यस्तो हस्तान्तरण समितिले स्वीकृत गरेपछि मात्र मान्य हुनेछ ।

२. कुनै सदस्यको राजीनामा स्वीकृत भएमा वा विनियममा व्यवस्था भएअनुसार निष्कासित भई सदस्यता कायम नरहेमा यस्ता सदस्यहरूको सेयरको रकम सो आर्थिक वर्षको हिसाबको लेखापरीक्षणपश्चात्को नाफा-नोक्सानको हिसाबअनुरूप निजले बेहोर्नुपर्ने दायित्व वा पाउने लाभ हिसाब गरी फिर्ता गरिनेछ । तर, सदस्यता प्राप्त गरेको एक वर्ष नहुँदै सदस्यता अन्त्य भएका सदस्यहरूको सेयरको रकम फिर्ता हुनेछैन र यस्तो सदस्यको सेयर निजले इच्छाएको व्यक्तिलाई हस्तान्तरण मात्र गर्न सकिनेछ ।

# परिच्छेद ५
## दायित्व

## १८. दायित्व सीमित

आफूले लिएको सेयरसम्म मात्र सदस्यहरूको दायित्व सीमित हुनेछ ।



## १९. हकवालाको मनोनयन

१. कुनै पनि सदस्यले आफ्नो शेषपछिको हकवाला मनोनीत गर्न सक्नेछ । हकवाला मनोनीत गर्दा कम्तीमा दुई जना साक्षीको रोहबरमा लिखत तयार गरी गर्नुपर्नेछ र त्यस्तो लिखतमा मनोनीत गर्ने सदस्य र साक्षीहरूले सहीछापसमेत गरेको हुनुपर्नेछ ।

२. हकवाला मनोनीत गर्ने सदस्यले एक व्यक्ति वा संस्थालाई मात्र हकवाला मनोनीत गर्न सक्नेछ । तर, सेयर प्राप्त गरेका सङ्घ-संस्थाले त्यस्तो हकवाला मनोनीत गर्न पाउने छैनन् ।

## २०. हकदाबी वा नामसारी

१. कुनै सदस्यको मृत्यु भएमा निजको नाममा रहेको सेयर र संस्थाबाट निजलाई प्राप्त हुने हक निजले विनियम १९ बमोजिम मनोनीत गरेको कुनै हकवाला भए सो हकवाला र त्यस्तो हकवाला नभए प्रचलित कानुनबमोजिमको हकवालाको नाममा नामसारी गरिनेछ । तर, त्यस्तो हकवालामा सदस्यता प्राप्त गर्नका लागि विनियममा तोकिएको योग्यता नभएमा सदस्यको मृत्यु भएको मितिले ६ महिनाभित्र सदस्यताका लागि योग्य अरू कुनै हकवालाको नाममा नामसारी गरिपाऊँ भनी दरखास्त दिन सक्नेछ र त्यस्तोमा सो हकवालाको नाममा रीत पुऱ्याई नामसारी गरिनेछ ।

२. उपविनियम (१) बमोजिम मृत सदस्यको हक हकवालाले नामसारी गराई लिन नचाहेमा निजले पाउने सेयर रकम त्यस्तो हकवालालाई फिर्ता दिइनेछ ।

३. उपविनियम (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि मृत सदस्यको हकवाला नाबालक रहेछ वा निजको मानसिक सन्तुलन ठीक रहेनछ भने मृत सदस्यले पाउने सेयर रकम कम्तीमा दुई जना साक्षीको रोहबरमा त्यस्तो हकवालाको संरक्षकलाई फिर्ता दिइनेछ ।

# परिच्छेद ६
## साधारण सभा

## २१. वार्षिक साधारण सभा

१. संस्थाको सेयर खरिद गर्ने सम्पूर्ण सदस्यहरूको एक साधारण सभा हुनेछ ।

२. प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले ६ महिनाभित्र अनुकूल समय पारी वार्षिक साधारण सभा बोलाउनुपर्नेछ ।

३. उपविनियम (२) बमोजिम वार्षिक साधारण सभा नबोलाइएको अवस्थामा कुनै पन्ध्र प्रतिशत सदस्यले त्यस्तो सभा बोलाउन रजिस्ट्रारसमक्ष निवेदन दिएमा वा त्यस्तो निवेदन नदिएमा पनि उपविनियम (२) मा तोकिएको म्याद समाप्त भएको मितिले ३५ दिनभित्र रजिस्ट्रारले वा निजले तोकेको व्यक्तिले त्यस्तो सभा बोलाउन सक्नेछ ।

४. उपविनियम (२) र (३) बमोजिम वार्षिक साधारण सभा बोलाउँदा सभा हुने स्थान, मिति र समय खुलाई १५ दिनपूर्व सूचना दिनुपर्नेछ ।
५. वार्षिक साधारण सभाको गणपूरक सङ्ख्या त्यस्तो सभाको कुल सदस्यसङ्ख्याको ५१ प्रतिशत हुनेछ ।
६. उपविनियम (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि सभा सञ्चालनका लागि पहिलो पटक गणपूरक सङ्ख्या नपुगी दोस्रो पटक सभा बोलाउन परेको अवस्थामा कम्तीमा ७ दिनको अर्को सूचना दिनुपर्नेछ र त्यसरी दोस्रो पटक बोलाइएको सभाको गणपूरक सङ्ख्या सञ्चालक समितिको बहुमतसहित कुल सदस्यसङ्ख्याको एकतिहाइ उपस्थित हुनुपर्ने छ ।
७. वार्षिक साधारण सभाको सभापतित्व समितिको अध्यक्षले गर्नेछ र अध्यक्षको अनुपस्थितिमा उपस्थित सदस्यहरूले आफूमध्येबाट छानेको सदस्यले सभाको सभापतित्व गर्नेछ ।
८. वार्षिक साधारण सभामा छलफल गरिने सबै विषयहरू प्रस्तावको रूपमा पेस गर्नुपर्नेछ र त्यस्तो प्रस्ताव सभामा उपस्थित सदस्यहरूले 'एक व्यक्ति एक मत' को आधारमा दिएको मतको बहुमतबाट पारित हुनेछ । मत बराबर भएमा सभापतिले निर्णायक मत दिनेछ ।

## २२. विशेष साधारण सभा

१. देहायबमोजिमको अवस्थामा १५ दिनपूर्व लिखित सूचना दिई समितिले विशेष साधारण सभा बोलाउन सक्नेछ–
(क) संस्थाको हिसाबकिताब जाँच गर्दा कुनै कारणले विशेष साधारण सभा बोलाउन आवश्यक देखेमा त्यसको कारणसमेत खोली लेखापरीक्षकले समितिसमक्ष लिखित अनुरोध गरेमा, वा
(ख) यस विनियमबमोजिम गठन भएको लेखा सुपरिवेक्षण समितिले कुनै विशेष कामका लागि विशेष साधारण सभा बोलाउन आवश्यक देखेमा, त्यसको कारणसमेत खोली समितिसमक्ष लिखित अनुरोध गरेमा, वा
(ग) कुनै सञ्चालकले विशेष साधारण सभा बोलाउन आवश्यक छ भनी कारण खोली समितिसमक्ष पेस गरेको प्रस्ताव समितिद्वारा पारित भएमा, वा
(घ) संस्थाको कुल सदस्यसङ्ख्याको कम्तीमा पन्ध्र प्रतिशत सदस्यले विशेष साधारण सभा बोलाउनुपर्ने कारण खुलाई निवेदन दिएमा ।
२. विशेष साधारण सभाको गणपूरक सङ्ख्या कुल सदस्यसङ्ख्याको ५१ प्रतिशत हुनेछ । साधारण सभा सञ्चालनका लागि पहिलो पटक गणपूरक सङ्ख्या नपुगी दोस्रो पटक सभा बोलाउन परेको अवस्थामा कम्तीमा ७ दिनको अर्को सूचना दिनुपर्नेछ र त्यसरी दोस्रो पटक बोलाइएको सभाको गणपूरक सङ्ख्या



सञ्चालक समितिको बहुमतसहित कुल सदस्यसङ्ख्याको एकतिहाइ उपस्थित हुनुपर्नेछ ।
३. विशेष साधारण सभाको सभापतित्व समितिको अध्यक्षले गर्नेछ र अध्यक्षको अनुपस्थितिमा उपस्थित सदस्यहरूले आफूमध्येबाट छानेको सदस्यले सभाको सभापतित्व गर्नेछ ।
४. विशेष साधारण सभामा पेस गरिने सबै विषयहरू प्रस्तावको रूपमा पेस गर्नुपर्नेछ र त्यस्तो प्रस्ताव सभामा उपस्थित सदस्यहरूले 'एक व्यक्ति एक मत' को आधारमा दिएको मतको बहुमतबाट निर्णय गरिनेछ । मत बराबर भएमा सभापतिले निर्णायक मत दिनेछ ।
५. विशेष साधारण सभामा उपविनियम (१) बमोजिम प्रस्तुत विषयमा मात्र छलफल र निर्णय गर्न सकिनेछ ।

## २३. साधारण सभाको काम, कर्तव्य र अधिकार

१. साधारण सभाको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ–
(क) सञ्चालक समितिले तयार गरी पेस गरेको वासलातसहितको प्रतिवेदन छलफल गरी स्वीकृत गर्ने र कार्यक्रमअनुसार प्रगति भए-नभएको समीक्षा गरी आवश्यक भए निर्देशनसमेत दिने,
(ख) यस विनियमबमोजिम सञ्चालक समितिका अध्यक्ष, सदस्यहरू र लेखा सुपरिवेक्षण समितिका संयोजक र सदस्यहरूको निर्वाचन गर्ने वा ऐन, नियमअनुरूप निजहरूलाई हटाउने,
(ग) ऐन, नियम एवं विनियमअनुसार समितिको सिफारिसमा लाभांश वितरण गर्ने र कर्मचारीहरूलाई बोनस दिन स्वीकृति दिने,
(घ) अधिकृत पुँजी तोक्ने,
(ङ) ऐन, नियमको परिधिभित्र रही विनियम संशोधन गर्ने,
(च) हिसाबकिताब र मिनाहा सम्बन्धमा समितिद्वारा प्रस्तुत प्रस्तावउपर निर्णय दिने,
(छ) सदस्य निष्कासन वा संस्थाको सदस्यता नदिने सम्बन्धमा समितिले गरेको निर्णयउपर पुनर्विचार गर्ने,
(ज) अध्यक्षले प्रस्तुत गरेको विषयमाथि छलफल गरी निर्णय गर्ने,
(झ) ऐन, नियमको परिधिभित्र रही संस्थाको विभाजन वा अन्य संस्थासँग एकीकरण वा विघटनसम्बन्धी निर्णय गर्ने,
(ञ) संस्थाको कार्य सुचारु रूपले सञ्चालन गर्न आवश्यक पर्ने विनियमअन्तर्गतको अधिकार समितिलाई प्रत्यायोजन गर्ने,
(ट) संस्थाले लिन-दिन सक्ने अधिकतम ऋण र धरौटी वा धितोको सीमा तोक्ने,

(ठ) लेखापरीक्षकद्वारा प्रस्तुत वार्षिक हिसाबजाँच प्रतिवेदन स्वीकृत गर्ने वा अर्को लेखा परीक्षकद्वारा जाँचबुझ वा पुनः हिसाब जाँच गराउने,

(ड) सञ्चालक समिति र लेखा सुपरिवेक्षण समितिबाट प्रस्तुत प्रतिवेदनउपर छलफल गरी अनुमोदन गर्ने वा निर्देशन दिने,

(ढ) ऐन, नियम एवं विनियमको अधीनमा रही अन्य आवश्यकीय कार्यहरू गर्ने, गराउने ।

२. साधारण सभाको निर्णयहरूको अभिलेख बहुमत सञ्चालक समिति सदस्यबाट प्रमाणित गराई सुरक्षित राख्नुपर्नेछ ।

## परिच्छेद ७
## सञ्चालक समिति

### २४. सञ्चालक समितिको गठन

१. सहकारी नियमावली २०७५ को नियम ७७ बमोजिम सञ्चालक समितिमा अध्यक्षसमेत ९ सदस्य रहनेछन् । सञ्चालक समितिको गठनविधि देहायबमोजिम हुनेछ–

| | |
|---|---|
| क) साधारण सभाबाट निर्वाचित | अध्यक्ष– १ |
| ख) सहसचिव, मन्त्रालय | सदस्य– १ |
| ग) सहसचिव, अर्थ मन्त्रालय | सदस्य– १ |
| घ) सहसचिव, विषयगत मन्त्रालय | सदस्य– १ |
| ङ) नेपाल सरकारले तोकेको एक व्यक्ति | सदस्य– १ |
| च) राष्ट्रिय सहकारी विकास बोर्डको प्रतिनिधि | सदस्य– १ |
| छ) कम्तीमा एक महिलासहित साधारण सभाद्वारा निर्वाचित | सदस्य– ३ |

२. विनियम २४ (१) 'ख' 'ग', 'घ', 'ङ', 'च' मा उल्लेख भएका सदस्यबाहेक अन्य सञ्चालकहरू र अध्यक्षको पदावधि चार वर्षको हुनेछ र यी पदाधिकारीहरू पुनः निर्वाचित हुन सक्नेछन् । २४ (१) 'क' मा निर्वाचित हुने अध्यक्ष सामाजिक क्षेत्रमा विशिष्टता हासिल गरेको, लेखन-सम्पादन र साहित्यमा रुचि भएको हुनुपर्नेछ । निर्वाचित पद रिक्त भएमा अर्को साधारण सभा नबसेसम्मका लागि सदस्यमध्येबाट सञ्चालक समितिले मनोनयन गर्न सक्नेछ ।

३. सञ्चालक समितिको सचिवको कार्य महाप्रबन्धकले गर्नेछ । तर, निजलाई मतदान गर्ने अधिकार हुने छैन ।

४. समितिले निर्वाचित सञ्चालकहरूको कार्यावधि समाप्त भएपछि तोकिएको अवधिभित्र सञ्चालकहरूको निर्वाचन गराउनुपर्नेछ ।

५. उपविनियम (४) बमोजिम समयभित्र समितिले निर्वाचन नगराएमा कुनै पनि सदस्यले सोको जानकारी रजिस्ट्रारलाई गराउन सक्नेछ ।



६. उपविनियम (५) बमोजिमको जानकारी प्राप्त भएमा वा नभएमा पनि विनियम २४ (१) 'ख' अनुसारका सञ्चालकको कार्यावधि समाप्त भएको मितिले ६ महिनाभित्र रजिस्ट्रारले ती सञ्चालकको निर्वाचन गराउनुपर्नेछ ।

७. उपविनियम (४) वा (६) बमोजिम नयाँ सञ्चालकको निर्वाचन नभएसम्म साबिककै सञ्चालकले विनियममा व्यवस्था भएबमोजिम कार्यसञ्चालन गर्न सक्नेछ ।

### २५. सञ्चालक समितिको निर्वाचन

१. मनोनीत हुनेबाहेकका समितिका अध्यक्ष र सदस्यहरूको निर्वाचन साधारण सभाबाट 'एक व्यक्ति एक मत' को आधारमा गोप्य मतदानद्वारा हुनेछ ।

२. अध्यक्ष र सञ्चालकको निर्वाचन समितिद्वारा तोकिएको निर्वाचन समितिद्वारा हुनेछ ।

३. निर्वाचनका लागि समितिले आवश्यक निर्वाचन कार्यविधि बनाउन सक्नेछ ।

४. निर्वाचन समिति निर्वाचनकार्य समाप्त भएपश्चात् स्वतः निष्क्रिय हुनेछ ।

### २६. सञ्चालक समितिको अध्यक्ष र सदस्य पदमा उम्मेदवार हुन नसक्ने अवस्था

(१) देहायको अवस्थामा समितिको कुनै पनि सदस्य सञ्चालकको पदमा निर्वाचित वा मनोनीत हुन सक्ने छैन–

(क) मगज ठीक नभएको,

(ख) टाट पल्टेको,

(ग) संस्थालाई तिर्न बाँकी ऋण समयमा नतिरी भाखा नघाएको,

(घ) संस्थाको बाँकीबक्यौता रहेको,

(ङ) संस्थाको सम्पत्ति हिनामिना गरेको,

(च) तोकिएको पूरै सेयर रकम चुक्ता नगरेको,

(छ) संस्थाको ठेक्कापट्टा वा कुनै कारोबारमा निजी स्वार्थ भएको,

(ज) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट दोषी प्रमाणित भएको,

(झ) संस्थाको अहित हुने कुनै काम गरेको प्रमाणित भएको,

(ञ) संस्थाको विनियम बारम्बार उल्लङ्घन गरेको,

(ट) संस्थाको बहालवाला कर्मचारी भएको,

(ठ) ऐन, नियम एवं विनियममा उल्लेख भएबमोजिम सञ्चालक समितिमा निर्वाचित वा मनोनयन हुन नसक्ने अवस्था भएको,

(ड) संस्थासँग समान प्रकृतिको व्यवसायमा संलग्न भएको ।

## २७. सञ्चालक समितिको पदमा बहाल रहन नसक्ने अवस्था

१. देहायको अवस्थामा समितिको कुनै पदाधिकारी सञ्चालकको पदमा बहाल रहन सक्ने छैन–

(क) विनियम (२६) बमोजिम अध्यक्ष र सञ्चालक पदमा निर्वाचन वा मनोनयन हुन नसक्ने अवस्था भएमा,

(ख) अध्यक्षले सञ्चालक समितिमा र सञ्चालकले अध्यक्षसमक्ष लिखित राजीनामा पेस गरी स्वीकृत भएमा,

(ग) निर्वाचित सञ्चालकहरूलाई साधारण सभाको बहुमतले मनासिब कारण देखाई हटाउने निर्णय गरेमा,

(घ) मृत्यु भएमा,

(ङ) लिखित सूचना बिना तीन पटकसम्म समितिको नियमित बैठकमा अनुपस्थित रहेमा ।

(च) संस्थागत रूपमा प्रतिनिधित्व गर्ने सञ्चालकको हकमा निजहरूले प्रतिनिधित्व गरेको संस्थाले निजलाई परिवर्तन गरेमा ।

## २८. सञ्चालक समितिको बैठक

देहायको प्रक्रियाअनुसार समितिको बैठक हुनेछ–

(क) समितिको बैठक वार्षिक कम्तीमा ६ पटक बस्नेछ । तर दुई पटकबीचको अवधि ४५ दिनभन्दा बढी फरक हुने छैन ।

(ख) समितिको बैठकका लागि गणपूरक सङ्ख्या कम्तीमा ५१ प्रतिशत हुनुपर्नेछ ।

(ग) समितिको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ, तर मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ ।

(घ) समितिको बैठकमा भएका निर्णयहरू छुट्टै निर्णय किताब (माइन्युट बुक) मा लेखी अध्यक्षद्वारा प्रमाणित गराई राख्नुपर्नेछ ।

(ङ) समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ र अध्यक्षको अनुपस्थितिमा उपस्थित सञ्चालकहरूमध्येबाट छानिएको सञ्चालकले बैठकको अध्यक्षता गर्नेछ ।

(च) समितिका सदस्यमध्ये एकतिहाइ सदस्यहरूले लिखित अनुरोध गरेमा अध्यक्षले एक हप्ताको पूर्वसूचना दिई बैठक बोलाउन सक्नेछ ।

## २९. सञ्चालक समितिको काम, कर्तव्य र अधिकार

सञ्चालक समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ–

(क) संस्थाको वार्षिक कार्यक्रम तथा बजेट स्वीकृत गर्ने,

(ख) साधारण सभा बोलाउने एवं साधारण सभाको निर्णय र निर्देशन कार्यान्वयन गर्ने,



(ग) संस्थाको कार्यप्रगतिको मूल्याङ्कन गर्ने र परिआएका समस्या समाधान गर्ने,

(घ) आम्दानी-खर्चको हिसाब र कागजपत्रहरू ठीक तथा दुरुस्त राख्न लगाउने,

(ङ) सेयर उठाउने एवं सेयरको नामसारी गर्ने,

(च) समितिका सदस्यहरूको राजीनामा स्वीकृत गर्ने,

(छ) कर्मचारीहरूको दक्षता एवं सीप विकास गर्न विभिन्न तालिम सञ्चालन गर्ने-गराउने,

(ज) हिसाब जाँचमा लेखापरीक्षकले देखाएका कुराहरूसमेत विचार गरी आफ्नो राय ठहरसाथ साधारण सभामा पेस गर्ने,

(झ) संस्थाको दैनिक कार्यसञ्चालन गर्न कर्मचारी विनियमावलीअनुसार कर्मचारीको नियुक्ति, कर्मचारीको सेवासर्त, पदोन्नति, निलम्बन, सजाय, पुरस्कार जस्ता कुराहरू गर्ने गराउने । साथै शाखा, उपशाखा, प्रशाखा कार्यालयको स्थापना गर्ने । आर्थिक कारोबार सञ्चालन गर्न आर्थिक प्रशासनसम्बन्धी नियमावलीअनुरूप गर्ने-गराउने,

(ञ) संस्थाको कारोबार, वार्षिक बजेट तथा कार्यक्रम, दरभाउ आदि आर्थिक विनियमावलीबमोजिम गर्ने-गराउने,

(ट) लेखा सुपरिवेक्षण समितिको प्रतिवेदनमा देखाइएको कैफियत सुधार गर्ने-गराउने,

(ठ) ठेक्का लिने, दिने, कर्जा लिने, धितो जमानत राख्ने, लिजमा दिने/लिने एवं अन्य भैपरी आउने काम आर्थिक विनियमावलीबमोजिम गर्ने-गराउने,

(ड) लेखापरीक्षकले देखाएको कैफियत तथा बेरुजू असुली गर्ने तथा नियमित गर्ने-गराउने,

(ढ) सहकारी शिक्षा कार्यक्रमको आयोजना गर्ने,

(ण) संस्थाको तर्फबाट चल-अचल सम्पत्ति खरिद-बिक्री गर्ने । तर, अचल सम्पत्ति खरिद वा बिक्री गर्नुअघि साधारण सभाबाट पारित गराई नेपाल सरकारको स्वीकृति लिनुपर्नेछ,

(त) संस्थाको कार्यक्रम सुचारु रूपले सञ्चालन गर्न, गराउन आवश्यकताअनुसार विभिन्न उपसमिति र सल्लाहकार समिति गठन गर्ने । तर, यसरी गठन गर्दा साधारण सभाबाट स्वीकृति/अनुमोदन हुनुपर्नेछ ।

(थ) सञ्चालक समितिले आफ्नो कुनै अधिकार अध्यक्ष वा महाप्रबन्धक वा उपसमितिलाई प्रत्यायोजन गर्न सक्नेछ,

(द) संस्थाविरुद्ध अदालत वा अन्य निकायमा परेको उजुरी, नालिस वा हकदाबीको सम्बन्धमा संस्थाको तर्फबाट कानुनी प्रतिरक्षा गर्ने वा मिलापत्र गर्ने तथा संस्थाको तर्फबाट कसैका विरुद्ध यस्तो हकदाबीको सम्बन्धमा उजुर गर्ने, मिलापत्र गर्ने वा दाबी परित्याग गर्ने, गराउने,

(ध) संस्थाको बाँकीबक्यौता ऐन, नियमानुसार गरी असुली गर्ने-गराउने,

(न) ऐन, नियम र विनियमअनुसार अन्य आवश्यक कार्यहरू गर्ने ।

### ३० अध्यक्षको काम, कर्तव्य र अधिकार

अध्यक्षको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ–

(क) समितिको बैठक तथा साधारण सभाको बैठकको अध्यक्षता गर्ने,

(ख) संस्थाको स्वीकृत वार्षिक कार्यक्रम तथा निर्णय र समितिका निर्णयहरू कार्यान्वयन गर्ने-गराउने,

(ग) संस्थाको कामकारबाहीउपर महाप्रबन्धकलाई आवश्यकताअनुसार निर्देशन दिने,

(घ) संस्थाको उद्देश्यप्राप्तिका लागि आइपरेका जरुरी कार्यको सिलसिलामा दीर्घकालीन असर नपुऱ्याउने प्रकृतिका कार्यहरू मात्र समितिको बैठक नबसेको अवस्थामा तत्काल समितिको तर्फबाट निर्णय गर्ने र तत्पश्चात् बस्ने समितिको बैठकमा पेस गरी अनुमोदन गराउने,

(ङ) संस्थालाई आत्मनिर्भर र स्वचालित बनाउन नयाँ सम्भाव्य कार्यक्रम र आम्दानी हुने स्रोतको खोजी तथा मौजुदा साधनको परिचालनका लागि क्रियाशील रहने,

(च) महाप्रबन्धकलाई साधारण सभा र सञ्चालक समितिको बैठक बोलाउन आदेश दिने,

(छ) संस्थाको चल-अचल सम्पत्तिको रेखदेख, संरक्षण, नियन्त्रण गर्ने-गराउने,

(ज) सञ्चालक समितिको निर्णय प्रमाणित गर्ने,

(झ) संस्थाको कुनै कारबाहीका सम्बन्धमा आवश्यकताअनुसार जाँचबुझ एवं निरीक्षण गर्ने-गराउने तथा आवश्यक निर्देशन दिने,

(ञ) ऐन, नियम एवं विनियमबमोजिम संस्थाको उद्देश्यप्राप्तिका लागि आवश्यकीय अन्य विविध कार्यहरू गर्ने ।

### ३१ सञ्चालकहरूको काम, कर्तव्य र अधिकार

साझा प्रकाशनका सञ्चालकहरूको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ–

(क) समितिको बैठकमा भाग लिने,

(ख) प्रस्तावित विषयवस्तुहरूमा राय एवं परामर्श दिने,

(ग) अध्यक्षको काममा सहयोग एवं सल्लाह दिने,

(घ) सञ्चालक समितिले गरेका निर्णयहरू कार्यान्वयन भए/नभएको बुझी कार्यान्वयन नभए त्यसको कारणसमेत पत्ता लगाई अध्यक्षमार्फत व्यवस्थापनलाई सुझाव तथा निर्देशन दिने,

(ङ) सञ्चालक समितिको दिर्नेशनअनुसार मातहतका कार्यालयहरूको अनुगमन एवं सुपरिवेक्षण गरी बैठकमा राय पेस गर्ने,

(च) संस्थाको बृहत्तर हितका निम्ति क्रियाशील रहने,

(छ) अध्यक्षको निर्देशन र सञ्चालक समितिले तोकेका अन्य कार्य गर्ने ।



### ३२. उपसमितिको गठन

१. संस्थाको कार्यसम्पादनलाई सरल र प्रभावकारी बनाउन समितिले आवश्यकताअनुसार समयसमयमा विभिन्न उपसमिति तथा विशेष समिति गठन गर्न सक्नेछ,

२. उपविनियम (१) मा गठित उपसमितिमा विषय विशेषज्ञ र व्यावहारिक ज्ञान भएका व्यक्तिहरू रहनेछन् ।

३. उपविनियम (१) बमोजिम गठित उपसमितिको कार्यावधि काम, कर्तव्य र अधिकार समितिले निर्धारण गरेबमोजिम हुनेछ ।

४. विशेष कामका लागि गठित उपसमितिले निर्धारित समयमा कार्य सम्पन्न गरी समितिसमक्ष प्रतिवेदन दिनुपर्नेछ ।

## परिच्छेद ८
## लेखा सुपरिवेक्षण समिति

### ३३. लेखा सुपरिवेक्षण समितिको गठन

१. सहकारी ऐन २०७४ को दफा ४८ बमोजिम संस्थाको आन्तरिक लेखापरीक्षण गरी लेखा अद्यावधिक गराउन तथा संस्थाको चल-अचल सम्पत्ति र कार्यको नियमित निरीक्षण गरी सिफारिससहित प्रतिवेदन पेस गर्न एक संयोजकसहित ३ जना सदस्य भएको एक लेखा सुपरिवेक्षण समितिको व्यवस्था गरिनेछ ।

२. लेखा सुपरिवेक्षण समितिको संयोजक र सदस्यहरूको निर्वाचन सदस्यहरूमध्येबाट साधारण सभाले विनियम २३ को प्रक्रियाअनुरूप गर्नेछ ।

३. विनियम २४ को उपविनियम २, ४, ५, ६ र ७ लेखा सुपरिवेक्षण समितिको हकमा पनि लागु हुनेछ ।

४. लेखा सुपरिवेक्षण समितिको संयोजक तथा सदस्यको सुविधा आर्थिक विनियमावलीबमोजिम हुनेछ ।

### ३४. लेखा सुपरिवेक्षण समितिको काम, कर्तव्य र अधिकार

लेखा सुपरिवेक्षण समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ–

१. संस्थाको स्रेस्ता तथा लेखाको आवधिक रूपमा आन्तरिक लेखापरीक्षण गर्ने ।

२. आन्तरिक लेखापरीक्षणबाट देखिएको अनियमितता, बेरुजू र कैफियतलाई सुधार गर्ने-गराउने ।

३. संस्थाको केन्द्रीय कार्यालय, शाखा, उपशाखा, प्रशाखा तथा बिक्रीकक्षहरूको नियमित निरीक्षण गरी सोको प्रतिवेदन राय सिफारिससहित सञ्चालक समितिमा पेस गर्ने ।

४. संस्थाको चल-अचल सम्पत्तिको नियमित निरीक्षण गरी अभिलेख अद्यावधिक गर्ने ।

५. निरीक्षणका अवसरमा देखिएका कैफियतहरू सुधार भए-नभएको अनुगमन गर्ने ।
६. अन्तिम लेखापरीक्षणबाट देखाइएका कैफियत सुधार भए-नभएको अनुगमन गर्ने ।
७. संस्थाले पाउनुपर्ने रकम, पेस्की रकम र बेरुजू रकम असुलउपर गर्ने-गराउने ।
८. निरीक्षण तथा लेखासम्बन्धी प्रतिवेदन सिफारिससहित साधारण सभामा पेस गर्ने ।
९. साधारण सभाले दिएको अन्य निर्देशन निर्णयको पालना गर्ने ।
१०. सहकारी ऐन २०७४ को दफा ४९ को अधीनमा रही सम्पूर्ण काम गर्ने, गराउने ।

## परिच्छेद ९
## व्यवस्थापन

### ३५. कर्मचारीसम्बन्धी व्यवस्था

संस्थाको दैनिक काम सञ्चालन गर्न महाप्रबन्धकलगायत कर्मचारीहरूको नियुक्ति, सरुवा, बढुवा, बर्खास्त, निलम्बन, विभागीय कारबाही, दण्डसजाय, पुरस्कार, पुनरावेदन आदि संस्थाको प्रशासनिक नियमअनुसार हुनेछ । यसका लागि छुट्टै कर्मचारी प्रशासन विनियमावली र आर्थिक प्रशासन कार्यविधि बनाई लागु गर्नुपर्नेछ ।

### ३६. महाप्रबन्धकको नियुक्ति

१. मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातकोत्तर सोसरह उत्तीर्ण गरेको, सार्वजनिक प्रशासन/व्यवस्थापन/साहित्य/कला/पत्रकारितामा रुचि भएको, कम्तीमा २५ वर्ष पूरा भएको नेपाली नागरिक रहेको व्यक्ति महाप्रबन्धक नियुक्त गर्न सकिनेछ र निजको कार्यावधि एक पटकका लागि मात्र थप गर्न सकिनेछ ।
२. यसरी नियुक्त भएका महाप्रबन्धकले आफूलाई तोकिएको काम गर्नुपर्नेछ ।
३. उपविनियम (१) बमोजिम नियुक्त महाप्रबन्धकको सेवासुविधा संस्थाको आर्थिक तथा प्रशासनिक नियमअनुसार हुनेछ ।
४. उपविनियम (१) बमोजिम नियुक्त महाप्रबन्धकले आफ्नो पदअनुसारको आचरण नगरेमा सञ्चालक समितिको परामर्श लिई अध्यक्षले निजउपर कारबाही गर्न सक्नेछ ।
५. माथि उपविनियम ४ अनुसार अध्यक्षले गरेको कारबाहीउपर चित्त नबुझे समितिमा पुनरावेदन गर्न सक्नेछ । यस सम्बन्धमा समितिको निर्णय अन्तिम हुनेछ ।



### ३७. महाप्रबन्धकको काम, कर्तव्य र अधिकार

महाप्रबन्धकको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ–

(क) सञ्चालक समितिको निर्देशन र अध्यक्षको नियन्त्रणमा रही संस्थाको कार्यक्रम तथा व्यवसाय सञ्चालन गर्ने,
(ख) साधारण सभा वा सञ्चालक समितिको सचिवका रूपमा काम गर्ने एवं अध्यक्षको स्वीकृति लिई बैठक बोलाउने,
(ग) साधारण सभा तथा सञ्चालक समितिबाट भएका कारबाही र निर्णयहरूसम्बन्धी अभिलेख विनियमबमोजिम प्रमाणित गराई छुट्टाछुट्टै राख्ने,
(घ) संस्थाको उद्देश्यप्राप्तिका लागि आवश्यक वार्षिक कार्यक्रम तथा बजेट तयार गरी सञ्चालक समितिमा पेस गर्ने, स्वीकृत नीति वा कार्यक्रमहरू तथा सञ्चालक समिति वा साधारण सभाका निर्णयहरूको कार्यान्वयन गर्ने,
(ङ) संस्थाको तर्फबाट नगद, कागजात वा सेक्युरिटीहरू जिम्मा लिई तिनको उचित सुरक्षाको प्रबन्ध मिलाउने,
(च) संस्थाको हरहिसाबको लेखा ठीक र सही तरिकाले राख्ने तथा राख्न लगाउने र आर्थिक विवरणहरू प्रमाणित गर्ने,
(छ) बक्यौताको विवरण सञ्चालक समितिमा पेस गरी निर्णयबमोजिम कार्यान्वयन गर्ने,
(ज) संस्थाको सम्पत्ति, दायित्व र आवश्यक विवरणहरू सञ्चालक समितिको बैठकमा पेस गर्ने,
(झ) हिसाब जाँच तथा निरीक्षणमा देखाएका त्रुटिहरू समयमै अनिवार्य रूपले सुधार गर्ने-गराउने,
(ञ) संस्थाको कारोबार र कार्यक्रम सञ्चालनका लागि सम्बन्धित निकाय तथा व्यक्तिहरूसँग सम्पर्क-सम्बन्ध राख्ने,
(ट) सञ्चालक समितिबाट प्राप्त अधिकारको आधारमा संस्थाविरुद्ध अदालत वा अन्य निकायमा परेको उजुरी, नालिस वा हकदाबीको सम्बन्धमा संस्थाका तर्फबाट कानुनी प्रतिरक्षा गर्ने वा मिलापत्र गर्ने तथा संस्थाको तर्फबाट कसैको विरुद्ध यस्तो हकदाबीको सम्बन्धमा उजुर गर्ने, मिलापत्र गर्ने वा दाबी परित्याग गर्ने,
(ठ) संस्थाको आर्थिक प्रशासन विनियमावलीबमोजिम आर्थिक कारोबार गर्ने,
(ड) संस्थाको आर्थिक कारोबार तथा बैङ्क खाता सञ्चालन गर्ने तथा आर्थिक कारोबारसम्बन्धी आवश्यक पर्ने बिल, भर्पाई-कागजातहरू प्रमाणित गर्ने,
(ढ) सञ्चालक समितिको निर्णयअनुसार वा समितिले तोकिदिएका कुराहरूमा संस्थाको तर्फबाट सम्झौतापत्र वा कागजातहरूमा सही गर्ने,
(ण) संस्थाका कर्मचारीहरूको कार्यविभाजन, अधिकार र कर्तव्यको निर्धारण गर्ने तथा कर्मचारीहरूको नियन्त्रण गर्ने एवं स्वीकृत कर्मचारी प्रशासन

विनियमावलीको अधीनमा रही नियुक्ति, सरुवा, सजाय, बढुवा, निलम्बन, पुरस्कार आदिसम्बन्धी निर्णय गर्ने वा त्यस्तो निर्णयका लागि सिफारिस गर्ने,

(त) सञ्चालक समितिको स्वीकृति प्राप्त गरी बढीमा ६ महिनाका लागि स्वीकृत दरबन्दीमा करार सेवामा कर्मचारी नियुक्ति गर्ने,

(थ) आफूमा निहित अधिकार आफूमातहतका कर्मचारीहरूमा प्रत्यायोजित गर्ने,

(द) ऐन, नियम एवं विनियममा भएको व्यवस्था तथा साधारण सभा र समितिका निर्णयहरूको परिधिभित्र रही संस्थाको उद्देश्यप्राप्तिका लागि आवश्यक कार्यक्रम तथा व्यवसाय सुचारु रूपले सञ्चालन गर्न आवश्यक हुन आउने अन्य कामहरू गर्ने ।

## परिच्छेद १०
## वित्तीय व्यवस्था

### ३८. बचत वितरण

१. प्रत्येक आर्थिक वर्षमा संस्थाको लेखापरीक्षणपश्चात् आर्थिक खुद नाफा रकमको कम्तीमा २५ प्रतिशत रकम जगेडा कोषमा राखिनेछ ।

२. उपविनियम (१) बमोजिम जगेडा कोष छुट्ट्याएर बाँकी रहने रकमको २५ प्रतिशत रकम संरक्षित पुँजी फिर्ता कोषमा राखिनेछ । उपविनियम (१) बमोजिमको रकम छुट्ट्याई बाँकी रहेको रकमको शून्य दशमलव पाँच प्रतिशतले हुन आउने रकम सहकारी प्रवर्द्धन कोषमा जम्मा गरिनेछ । जगेडा कोष, संरक्षित पुँजी फिर्ता कोष र सहकारी प्रवर्द्धन कोषमा छुट्ट्याएर बाँकी रहेको रकमलाई शतप्रतिशत मानी कम्तीमा ५ प्रतिशत रकमका दरले छुट्ट्याई निम्निलिखित कोषहरूको व्यवस्था गरिनेछ–

(क) सहकारी शिक्षा कोष

(ख) शेयर लाभांश कोष,

(ग) कर्मचारी बोनस कोष,

(घ) सहकारी विकास कोष,

(ङ) घाटापूर्ति कोष,

(च) सामुदायिक कोष

(छ) ऐनको दफा १०३ को उपदफा (५) बमोजिम साधारण सभाले स्वीकृत गरेको स्थिरीकरण कोष

(ज) अन्य जोखिम व्यवस्थापन कोष

३. उपविनियम (२) बमोजिम खडा गरिएको कोषको रकम छुट्टाछुट्टै खातामा राख्नुपर्नेछ र त्यस्तो कोषको सञ्चालन कार्यविधिबमोजिम हुनेछ ।

४. उपविनियम २ (क) को कोषबाट हुने खर्च ऐन, नियम प्रतिकूल नहुने गरी साधारण सभाले तोकेबमोजिम लाभांश वितरण गरिनेछ र बाँकी हुन आएको रकम जगेडा कोषमा जम्मा गरिनेछ ।



५. कर्मचारी बोनस कोषबाट रकम वितरण गर्दा तीन महिनाको तलबभन्दा बढी नहुने गरी वितरण गर्नुपर्नेछ । यसरी बोनस वितरणपश्चात् बाँकी हुन आएको रकम कोष सञ्चालन कार्यविधिले तोकेअनुसार हुनेछ ।

६. कर्मचारी कल्याण कोष सञ्चालन समितिले बनाएको नियमको अधीनमा रही सञ्चालक प्रतिनिधिको संयोजकत्वमा महाप्रबन्धक र कर्मचारी प्रतिनिधि सदस्य रहेको समितिले गर्नेछ ।

### ३९. कोषको सुरक्षा

संस्थाको कोष समितिले निर्धारण गरेबमोजिमको व्यक्तिको जिम्मा रहनेछ । कोषको रकममध्ये समितिको निर्णयबाट स्वीकृत भएको हदसम्मको रकम कार्यसञ्चालनका लागि रहने र बाँकी रकम संस्थाको नाममा बैङ्कमा खाता खोली संस्थाले तोकेका व्यक्तिहरूको हस्ताक्षरबाट सञ्चालन हुने गरी राख्नुपर्दछ ।

### ४०. कोषको उपयोग

कोषको उपयोग साधारण सभाको मार्गदर्शनको अधीनमा रही समितिले गरेको निर्णयबमोजिम गरिनेछ । सामान्यतः कोषको उपयोग निम्न कार्यहरूमा गरिनेछ–

(क) स्वीकृत योजनाअनुसारका कार्यक्रम वा व्यवसाय सञ्चालन गर्न,

(ख) स्वीकृत योजनाहरूको कार्यसञ्चालनका लागि आवश्यक पर्ने स्थायी सामग्री खरिद गर्न ।

### ४१. वार्षिक हिसाब जाँच

१. संस्थाले प्रत्येक आर्थिक वर्षको हिसाब जाँच सो आर्थिक वर्ष समाप्त भएको मितिले छ महिनाभित्र लेखा परीक्षण गराउनुपर्नेछ ।

२. हिसाब जाँचको प्रतिवेदन साधारण सभामा पेस गरी अनुमोदन गराउनुपर्नेछ ।

३. उपविनियम (४) बमोजिम साधारण सभामा हिसाब जाँच प्रतिवेदन पेस हुँदा साधारण सभाले अनुमोदन नगरेमा साधारण सभाले अर्को लेखापरीक्षक नियुक्त गरी जाँचबुझ वा पुनः हिसाब जाँच गराउन सक्नेछ ।

४. लेखापरीक्षकको पारिश्रमिक र सुविधाका हकमा विनियम २३.१. (झ) मा भएको व्यवस्थाबमोजिम हुनेछ ।

### ४२. संस्थाले राख्ने बहीखाता र हिसाबहरू

संस्थाले कार्यसञ्चालनको सिलसिलामा आवश्यक पर्ने बहीखाता र हिसाबहरू राख्नेछ । तर कम्तीमा पनि देहायबमोजिमका बहीखाता र किताबहरू संस्थामा अनिवार्य रूपमा हुनुपर्नेछ–

(क) सहकारी नियमावली, २०७५ को अनुसूची बमोजिम सदस्य दर्ता किताब,

(ख) सेयर दर्ता रजिस्टर,

(ग) आयव्यय रजिस्टर,
(घ) तालिम रजिस्टर,
(ङ) व्यक्तिगत तथा संस्थाको ऋण खाता,
(च) सम्पत्ति दर्ता खाता,
(छ) जिन्सी खाता,
(ज) सदस्यहरूको बचत खाता,
(झ) विभिन्न सभा, समिति तथा उपसमितिहरूको बैठक रजिस्टर,
(ञ) संस्थाको अन्य संस्थाहरूसँगको कारोबार रजिस्टर,
(ट) सामाजिक सामूहिक कार्यक्रम सञ्चालन रजिस्टर,
(ठ) नगद खाता,
(ड) बैठक सम्परीक्षण खाता,
(ढ) भुक्तानी रजिस्टर,
(ण) सञ्चालक समितिका अध्यक्ष तथा सदस्य र लेखा सुपरिवेक्षण समितिका संयोजक तथा सदस्यहरूको नाम, ठेगाना र कार्यावधिसमेत देखिने लगत,
(त) नियमअनुसार तोकिएका अन्य खाताहरू ।

## परिच्छेद ११

### ४३. निर्वाचन

१. ऐन, नियमावली र विनियमबमोजिम पदहरूको निर्वाचन सञ्चालक समितिबाट स्वीकृत निर्वाचन कार्यविधिबमोजिम गराइनेछ ।
२. समिति र लेखा सुपरिवेक्षण समितिको कार्यअवधि समाप्त हुनुअगावै नयाँ समितिको निर्वाचन गरिनेछ वा गराइनेछ ।

### ४४. मध्यस्थता

यस विनियमबमोजिम गरेको कुनै कामकारबाहीमा केही विवाद उठी उक्त विवाद सञ्चालक समिति वा साधारण सभाद्वारा समाधान हुन नसकेमा त्यसको मध्यस्थता गर्न त्यस्ता विवाद रजिस्ट्रारसमक्ष पेस गरिनेछ । रजिस्ट्रारले मध्यस्थतासम्बन्धी कानुनको प्रक्रिया पूरा गरी विवाद सुल्झाउनेछ । यस्तो अवस्थामा मध्यस्थकर्ताको निर्णय अन्तिम हुनेछ ।

### ४५. विनियम संशोधन

१. यस विनियममा लेखिएका कुनै कुराहरू संशोधन गर्नुपरेमा संस्थाको कुल सदस्यसङ्ख्याको कम्तीमा ५१ प्रतिशत सदस्य उपस्थित भएको साधारण सभामा कम्तीमा दुईतिहाइको बहुमतले गर्नेछ ।
२. उपविनियम (१) बमोजिम संशोधनका लागि निर्णय भएको प्रस्ताव रजिस्ट्रारसमक्ष स्वीकृतिका लागि पठाइनेछ । संशोधित विनियम सहकारी ऐन, २०७४ को दफा १७ बमोजिम स्वीकृत भएपछि मात्र विनियम संशोधन भएको मानिनेछ ।



### ४६. संस्थाको विघटन

१. संस्थाको कुल सदस्यसङ्ख्याको दुईतिहाइ (२/३) बहुमतले संस्था विघटन गर्ने निर्णय गर्न सक्नेछ ।
२. उपविनियम (१) बमोजिमको निर्णयसहितको निवेदन प्राप्त भएपछि रजिस्ट्रार वा निजबाट अधिकारप्राप्त व्यक्तिले संस्थाको दर्ता खारेज गरी ऐनको दफा ४२ अनुरूप लिक्वीडेटर नियुक्त गर्नेछ ।

## परिच्छेद १२

## विविध

### ४७. बदर नहुने

कुनै सञ्चालकको निर्वाचन, साधारण सभाको निर्णय वा कुनै नियुक्तिका सम्बन्धमा ऐन, नियम र विनियमअन्तर्गतको कुनै व्यवस्था पालन भएको छैन भनी पछि प्रमाणित हुन आएमा त्यसरी प्रमाणित हुनुअगावै भए-गरेको कारबाही सो कुराले मात्र बदर हुने छैन ।

### ४८. शपथग्रहण

यस विनियमबमोजिम समिति र लेखा सुपरिवेक्षण समितिहरूमा निर्वाचित वा मनोनीत सदस्यहरूले अनुसूची ३ मा उल्लेख भएबमोजिमको शपथग्रहण गर्नुपर्नेछ ।

### ४९. बदर हुने

यस विनियममा उल्लेख नभएका कुराहरूको सम्बन्धमा प्रचलित कानूनअनुसार हुनेछ । यस विनियममा उल्लिखित कुनै व्यवस्थाहरू सहकारी ऐन, नियमसँग बाझिन गएमा बाझिएको हदसम्म स्वतः बदर हुनेछ ।

### ५०. व्याख्या गर्ने अधिकार

१. यस विनियमको व्याख्या गर्ने अधिकार साधारण सभालाई हुनेछ ।
२. उपविनियम (१) बमोजिम गरिएको व्याख्याबाट कुनै सदस्यलाई मर्का पर्न गएमा सोको विरुद्ध रजिस्ट्रारसमक्ष उजुरी गर्न सकिनेछ र सो सम्बन्धमा रजिस्ट्रारबाट भएको निर्णय सबै पक्षले मान्नुपर्दछ ।

## ५१. खारेजी र बचाउ

१. साझा प्रकाशन सहकारी संस्था लि. को विनियम, २०२१ खारेज गरिएको छ ।
२. साझा प्रकाशन सहकारी संस्था लि. को विनियम २०२१ अन्तर्गत भएका कामकारबाहीहरू यसै विनियमबमोजिम भएको मानिनेछ ।

दर्ता मिति :
दर्ता भएको कार्यालय :
कार्यालयको छाप

दर्ता गर्नेको
सही :......
नाम :
दर्ता नम्बर :

**अनुसूची–१**
(विनियम ७ को उपविनियम २ सँग सम्बन्धित)

**संस्थाको छाप :** संस्थाको सङ्केतचिह्न हरियो रङ्गको पृष्ठभूमिमा खुला पुस्तकको चित्र, पुस्तकभित्र नेपालको नक्सा र सो नक्साभित्र ‘साझा प्रकाशन’ भन्ने शब्द रहनेछ ।



**अनुसूची–२**
(विनियम १६ सँग सम्बन्धित)

सदस्यता नं.

# साझा प्रकाशन सहकारी संस्था लि.

मिति :

## सेयर प्रमाणपत्र

यस संस्थाको विनियम १६ बमोजिम श्री... ... ... ...का छोरा/छोरी/श्रीमती... ... ... ... बस्ने (स्थायी ठेगाना) श्री/सुश्री/श्रीमती ... ... ... ... ले निम्नअनुसारको सेयर खरिद गर्नुभएकोले यो प्रमाणपत्र प्रदान गरिएको छ ।

विवरण

| क्र.सं. | प्रतिसेयर मूल्य | सेयरसङ्ख्या | सेयर खरिद मिति | बुझाएको जम्मा रकम |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

प्रमाणपत्र पाउनेको सही　　　महाप्रबन्धक　　　अध्यक्ष

अनुसूची–३
(विनियम ४७ सँग सम्बन्धित)

## शपथग्रहण

म (शपथकर्ताको नाम) यो प्रतिज्ञा गर्दछु कि मेरो सामर्थ्यले भ्याएसम्म (पद) को नाताले सबै काम तथा बैठकहरूमा नियमित रूपले भाग लिनेछु तथा गोपनीयता कायम गर्दै संस्थाको विकास र सदस्यको हितका लागि इमानदारी तथा पवित्र हृदयले पक्षपातरहित तरिकाबाट निर्णय लिनेछु ।



साझा प्रकाशन